The Journal of Musikot Multiple Campus *Volume 3 Issue 1 June 2025*
*A Peer-Reviewed, Open-Access Multidisciplinary Journal*
ISSN 2976-1271 (Print)
Published by the Research Management Cell
Musikot Khalanga Multiple Campus, Musikot, West Rukum
(A Constituent Campus of Mid-West University)

# नेपाली स्थाननामहरूको प्रयुक्तिगत सान्दर्भिकता

चन्द्रबहादुर बुढा
उप्रा.भेरी ज्ञानोदय बहुमुखी क्याम्पस, जाजरकोट
https://orcid.org/0009-0009-9968-3043

**लेखसार**

स्थाननाम कुनै निश्चित ठाउँको भौगोलिक सूचना दिने नामसँग सम्बन्धि विषय हो । प्रस्तुत लेख नेपाली स्थाननामहरूका शाब्दिक अर्थ सङ्कलन गरी तिनका केही प्रख्यात ठाउँहरूको नामकरणमा प्रयुक्तिगत सान्दर्भिकताको खोजी गरिएको छ । यसमा मूलतः प्रत्यक्ष अन्तर्वार्ता र प्रत्यक्ष छलफल र द्घितीयक स्रोतका रूपमा पुस्तकालय विधिलाई लिएको छ । प्रस्तुत लेख नेपाली प्रचलित स्थाननामहरू, अधावधिक रूप, तिनमा देखिएका परिवर्तनको परिपाटी र कारण आदिको समयसापेक्ष प्रयुक्तिगत सान्दर्भिकतालाई वर्णात्मक तथा विवरणात्मक ढाँचालाई लिएको छ । नेपाली स्थाननामहरूको क्षेत्रका विभिन्न जाति र तिनका भाषिक विशेषता, समाज, सस्कृति, पर्यावरण, भूगोल, जिविका उपार्जन, आदिबारेका विवरणहरूलाई शाब्दिक एवम् किंवदन्तीगत अर्थमा भाषातात्विक र अर्थतात्विक विश्लेषण गरिएको छ । नेपाली स्थाननामहरूको प्रयुक्ति परम्परागतदेखि मानव जनजिब्रोमा मौखिक उच्चारण हुँदै आएका स्थाननामको लेख्य रूपको विकासका साथै व्यवहारिक जनजिवीका लागि उपयोगीसिद्घ देखिन्छ ।

***शब्दकुञ्जीः*** स्थाननाम, नामकरण, अध्ययन, सङ्कलन, प्रयुक्तिगत महत्वपूर्ण

## विषयप्रवेश

ठाउँको भौगोलिक सूचना दिने नामलाई स्थाननाम भनिन्छ । स्थाननामको अध्ययन गर्ने विधा स्थाननामविज्ञान हो (सिलभा, सन् १९७३,पृ.४) । स्थाननामले कुनै पनि भौगोलिक अवस्थालाई चिनाउने काम गर्दछ । अङ्ग्रेजीमा यसलाई टोपोनोमी भनिन्छ । यसमा टोपोस भनेको स्थान, ओनोमा भनेको नाम र नोमेस भनेको विज्ञान भन्ने हुन्छ । यसर्थ स्थाननामको अध्ययन गर्ने शास्त्र नै स्थाननामविज्ञान हो । यो एक सांस्कृतिक आवश्यकता, इतिहास र मानव सभ्यताको एक महत्वपूर्ण सोपान र इतिहासको पादटिप्पणी हो भने पूरातत्वको जीवात्मा हो (गौडा, सन् १९८४,पृ.४–६ उद्धृत थापा, २०११ पृ.१८) । स्थाननाम पूर्वजहरूका भाषाका जीवन्त सम्पत्ति हुन् । स्थाननाम मानव समूहमा जन्मिएर त्यसैबाट प्रभावित र प्रेरित भई त्यसैमाथि यसले प्रकाश पार्ने हुँदा यसलाई कुनै न कुनै भाषाको अभिन्न अङ्ग भनिएको छ (श्रेष्ठ, २०४४पृ.ग) । यसले त्यस क्षेत्रका मानिसका जाति, भाषा, धर्म र संस्कृतिलाई पनि चिनाउने काम गर्दछ । नेपालको शीर्ष उपनाम यसको इतिहासमा गहिरो जरा गाडिएको छ । भारत र तिब्बत बीचको पुरातन व्यापारिक मार्गहरूमा रहेको

देशको रणनीतिक स्थानले यसको सांस्कृतिक र भाषिक परिदृश्यलाई प्रभाव पारेको छ । ऐतिहासिक घटनाहरू, बसाइँसराइहरू र विभिन्न राजवंशहरूको प्रभाव प्रायः ठाउँको नामहरूमा झल्किन्छ ।

स्थाननामको अध्ययन परम्परा बिसौं शताब्दीको प्रारम्भतिर अमेरिकाबाट भएको पाइए तापनि यसको आधारभूमि भने पूर्वीय परम्परामा यास्कचार्यको 'निरुक्त' र पाणिनिको 'अष्टाध्यायी' व्याकरणअन्तर्गत तद्धिन्त प्रकरणको चौथो अध्यायमा पाणिनिले स्थाननामको व्युत्पत्ति केलाएपछि भएको पाइन्छ । उनले स्थाननामलाई क्षेत्रमा उपलब्ध वस्तु बोध गराउने, क्षेत्र निर्माता बोध गराउने, व्यक्ति वा जाति बोध गराउने र ठाउँ बोध गराउने गरी चार भागमा विभाजन गरेको पाइन्छ । त्यसपछि कात्यायन, पतञ्जलिजस्ता व्याकरणकारले पनि स्थाननामलाई स्थान दिएको पाइन्छ । (एस, १९९२ पृ.११ उद्धृत थापा, २०११ पृ.४९) । पश्चिममा स्थाननामसम्बन्धी सन् १९५५ मा प्रकाशित सिड्नी जे एन्डाकोल्डको 'अस्ट्रेलियन अबोरिजनल वर्डस् एन्ड प्लेस नेम्स एन्ड देयर मिनिङ' नामक शोधकार्य उल्लेखनीय भएको मानिन्छ । त्यसैगरी सन् १९८३ मा ग्रुमको 'ए डिक्सनेरी अफ् अरबिक टोपोग्राफी एन्ड प्लेस नेम्स' अर्को उल्लेखनीय कृति मानिन्छ । भारतमा स्थाननाम अध्ययन परम्पराको सुरुवात ई.१९१७ बाट रायनबहादुर हिरालालको 'मध्ये प्रदेश के भौगोलिक नाम' शीर्षकको अध्ययनबाट भएको पाइन्छ । यसपछि रागिनी थापाको सन् २०११ मा 'दार्जिलिङ पहाडी क्षेत्रका स्थाननामहरूको विश्ले

नेपाल अनेकतामा एकता र एकतामा अनेकता अनुपम भाषिक विश षणात्मक अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । परिवेश, पर्यावरण, समाज, संस्कृति, सभ्यता, इतिहास, भूगोल, पुराकथा, मानवमूल्य, रहनसहनजस्ता हरेक पक्षलाई समेटेरको मुलुक हो । नेपाली स्थाननामहरूका शब्दको अर्थतात्विक र भाषातात्त्विक सङ्कलन र यसमा केही प्रख्यात  ठाउँहरूको नामकरणमा प्रयुक्तिगत सान्दर्भिकता खोजी गरिएको छ । स्थाननाम अध्ययनमा भू–मानचित्रका स्थाननामहरूका आवश्यक तथ्याङ्क, सन्दर्भ, लिपि आदिको न्यूनता रहनु एक समस्या बन्न गएको पाइन्छ । नेपाली स्थाननामहरूको शाब्दिक अर्थ सङ्कलनमा के कस्ता स्थाननामहरू रहेका छन् ? त्यस्ता सङ्कलित स्थाननामहरूको प्रयुक्तिगत सान्दर्भिकताको खोजी के कसरी गरिएको छ र प्रस्तुत लेख नेपाली स्थाननामहरूको शाब्दिक एवम् किंवदन्तीगत अर्थमा भाषातात्त्विक र अर्थतात्त्विक विश्लेषण कसरी गरिएको छ ? भन्ने प्राज्ञिक जिज्ञासा एवम् समस्यासँग केन्द्रित रहेको छ ।

स्थाननाम अध्ययनमा सामाजिक एकता, प्रयावरणीय भूपरिदृश्य, सांस्कृतिक संस्कार, धार्मिक सहिष्नुता, भौगोलिक बसाइ आदिको विवरण प्रस्तुति नै शोधको उद्देश्य हो । प्रस्तुत लेख समस्या कथनमा उठाइएका समस्यामा केन्द्रित रहेर उक्त समस्याको खोजी गरी समधान गर्नु नै यस शोधको उद्देश्य हो । नेपाली स्थाननामहरूको शाब्दिक अर्थ सङ्कलन गर्दै त्यस्ता सङ्कलित स्थाननामहरूको प्रयुक्तिगत सान्दर्भिकताको खोजी गर्नुका साथै प्रस्तुत लेख नेपाली स्थाननामहरूको शाब्दिक एवम् किंवदन्तीगत अर्थमा भाषातात्त्विक र अर्थतात्त्विक विश्लेषण गर्नु रहेको छ ।

## अनुसन्धान विधि

स्थाननामको अध्ययन र नेपालमा यसको प्रयुक्तिगत सान्दर्भिकताका बारे विभिन्न व्यक्तिका धारणालाई समेटी व्याख्या र विश्लेषण गरिएको छ । सूचकहरूबाट प्राप्त तथ्याङ्कलाई नै अनुसन्धानमा ज्ञानको प्रमुख एवम् प्रथम स्रोत मानिएको छ । केही प्रसिद्घ नेपाली स्थान नामहरू सम्बन्धी स्थानीय व्यक्तिहरूले आफ्नो प्रयोग तथा व्यवहारमा ल्याएका स्थाननामहरूलाई लेखको प्रमुख तथ्य मानिएको छ । स्थलगत कार्यका

सिलसिलामा सूचकसँग गरेका प्रत्यक्ष अन्तर्वार्ता, छलफल, टिप्पणी वा भनाईलाई ज्ञान निर्माणको साधनका रूपमा उपयोग गरिएको छ । कुनै एक व्यक्ति विशेषको विचारले सबैको प्रतिनिधित्व गर्न नसक्ने भएकाले विषय विश्लेषितमा उल्लेखित केही प्रसिद्घ ठाउँहरू सूचकको विचार, धारणा, क्षेत्र-सर्वेक्षण र पुस्तकालय विधिलाई लिएको छ ।

प्रस्तुत शोधमा नेपाली स्थाननामहरूको अध्ययन र यसको प्रयुक्तिगत सान्दर्भिकताका क्षेत्रहरूमा भौगोलिक, धार्मिक, सामाजिक, सांस्कृतिक र ऐतिहासिक क्षेत्रको महत्त्व बोकेका स्थाननामहरूको अर्थतात्त्विक र भाषातात्त्विक संरचनाको यथासम्भव जानकारी दिने उपायको खोजी गरिएको छ । विविध विशेषता र प्रकृति भएका स्थाननामहरूको अध्ययनले मानव समाजमा विभिन्न पक्षहरूको जानकारी दिने हुनाले पनि यसको महत्त्व रहेको छ । यस स्थाननामको अध्ययनले अध्येताहरूका मनमा एकता, बन्धुत्व र राष्ट्रिय एकीकरणको भावना पैदा गराउने विश्वास लिइएको छ । नेपाली स्थाननामहरूको प्रयुक्तिगत सान्दर्भिकतासम्बन्धी अध्ययन गर्न चाहने अध्येताहरूलाई एउटा सिद्धान्तको आधार तयार गरेको छ ।

प्रस्तुत शोधमा नेपाली स्थाननामहरूको अध्ययन र यसको प्रयुक्तिगत सान्दर्भिकताका क्षेत्रहरूमा भौगोलिक, धार्मिक, सामाजिक, सांस्कृतिक र ऐतिहासिक क्षेत्रको महत्त्व बोकेका स्थाननामहरूको अर्थतात्त्विक र भाषातात्त्विक संरचनाको यथासम्भव जानकारी दिने उपायको खोजी गरिएको छ । विविध विशेषता र प्रकृति भएका स्थाननामहरूको अध्ययनले मानव समाजमा विभिन्न पक्षहरूको जानकारी दिने हुनाले पनि यसको महत्त्व रहेको छ । यस स्थाननामको अध्ययनले अध्येताहरूका मनमा एकता, बन्धुत्व र राष्ट्रिय एकीकरणको भावना पैदा गराउने विश्वास लिइएको छ । नेपाली स्थाननामहरूको प्रयुक्तिगत सान्दर्भिकतासम्बन्धी अध्ययन गर्न चाहने अध्येताहरूलाई एउटा सिद्धान्तको आधार तयार गरेको छ ।

**विषय विश्लेषण**

नेपाली प्रचलित स्थाननामहरूका शाब्दिक अर्थ सङ्कलन, अधावधिक रूप, तिनमा देखिएका परिवर्तनको परिपाटी, कारण र प्रभाव आदिमा प्रयुक्तिगत सान्दर्भिकताको खोजी गरिएको छ । नेपाल बहुभाषिक, बहुजाति र बहुधार्मिक विविधतायुक्त अखण्ड राज्यका स्थाननामहरूको विवरण प्रस्तुत गर्न खोजिएको छ । अनेकताको एकता नेपालमा भाषाहरू १२४, मातृभाषाका रूपमा दोस्रो भाषीहरू ११७, जातजाति १४२ र धर्म १० कायम रहेको छ । स्थाननाम भाषिक विविधता देशको उपनामहरूमा प्रतिबिम्बित छ । स्थानको व्युत्पत्तिदेखि स्थानीय बासिन्दा, उनीहरूका भाषिक विशेषता, परिवेश, पर्यावरण, समाज, संस्कृति, सभ्यता, इतिहास, भूगोल, पुरातत्वपुराकथा, मानवमूल्य, रहनसहनजस्ता हरेक पक्षलाई समेटेर तिनीहरूको यथेष्ट जानकारी गराइने हुँदा त्यस सम्बन्धी सबै पक्षको जानकारी दिने भएकोले पनि यसको औचित्य र महत्त्व रहन्छ । भाषाशास्त्र, मानवशास्त्र, जातिशास्त्र, पुरातत्त्वशास्त्र, लोकवार्ताशास्त्र, इतिहास, भूगोल, पर्यावरणविज्ञान, प्रवृति (इत्यादि) ज्ञानानुशासनसित सम्बन्धित अन्तर्विषयात्मक अध्ययन पद्धतिमा केन्द्रित विधा भनिएको छ (कुमार,१९८४,खण्ड ६,पृ।२४,उद्धृत थापा,२०११,पृ । १९) । नेपालको भाषिक परिदृश्य भारोपेली र भोटवर्मेली भाषाहरूबाट प्रभावित छ । "संखुवासभा" जस्ता शीर्ष उपनामहरूले स्थानीय बोली र संस्कृतका शब्दहरू संयोजन गर्दछ, भाषिक प्रभावहरूको मिश्रण प्रदर्शन गर्दछ । यो विविधताले शताब्दीयौँदेखि विभिन्न सांस्कृतिक र भाषिक समूहहरू बीचको अन्तरक्रियालाई जोड गर्दछ ।

**नेपालमा स्थाननामको अध्ययन**

स्थाननामसम्बन्धी अध्ययन परम्परा अमेरिकामा २० औं शताब्दीदेखि शुरुवात भएको पाइन्छ । भारतको दार्जिलिङ, सिक्किम, कालेबुङ, खरसाङ, दामसाङ गढी, गुजरात र दक्षिण भारतको आन्ध्र प्रदेशको चितुर जिल्लाजस्ता क्षेत्रमा स्थाननामको शाब्दिक अर्थको अध्ययन भएको पाइन्छ । यी क्षेत्रमा स्थाननामको संरचना, तिनको व्युत्पत्तिगत अर्थको विश्लेषण गरेको पाइन्छ । नेपालमा स्थाननामसम्बन्धी अध्ययन परम्परा कृष्णप्रकाश श्रेष्ठ (२०६७) को 'स्थाननाम कोश' को दोस्रो प्रकाशनमा आएदेखि सुरुवात भएको पाइन्छ ।।स्थाननाम सन्दर्भमा नेपालको नामकरण गर्ने सिलसिलामा विभिन्न इतिहासकार तथा भूगोलविद्घहरूको आ–आफ्नो धारणा नआएको त होईन होला जेहोस जे जुन ढङ्गबाट भए पनि नेपाल नामक स्थान रहन गएको देखिन्छ ।

स्थाननाम विज्ञान एउटा नितान्त आधुनिक प्रादुर्भाव हो (अस्तित्त्व भएको तर नदेखिएको कुरो जनसमक्ष आउने काम (नेपाली बृहत शब्दकोश M २०७५,पृ.८४०) । उन्नाइसौं शताब्दीको अन्तसम्म पनि यस विषयमाथि कुनै कार्य सुरु भएको पाइन्न, यद्यपि कतिपय शास्त्रीय–साहित्य एवम् धार्मिक ग्रन्थहरूमा यसको सामान्य प्रवृत्तिको चर्चा भएको पाइन्छ । विद्वान् वर्गबाट यस विषयमा पनि सैद्धान्तिक कार्य गरिनुपर्ने बोध गरिएपछि विभिन्न भाषामा अनुसन्धानपूर्ण कार्यारम्भ भएको देखिन्छ । यस विषयमा शोधकार्य गर्ने प्रणाली बिसौं शताब्दीको प्रारम्भतिर अमेरिकाबाट सुरु भएको पाइन्छ , यद्यपि यसको बीजारोपण भने पूर्वमा नै भएको तथ्य यास्कचार्यको निरुक्त एवम् पाणिनिको अष्ठाध्यायी व्याकरणको तद्धित प्रकरणको चौथो अध्यायमा प्रस्तुत स्थाननामहरूमाथि गरिएको सामान्य अध्ययनबाट चाल पाइन्छ (जयप्रकाश, १९९२, पृ । १४, उद्धृत थापा, २०११ पृ । ४९) । स्थाननामको अध्ययन भारतमा विद्यावारिधि उपाधिका लागि गरिएको पाइन्छ भने नेपालमा पनि स्नातकोत्तर तहमा स्थाननामको कोशीय अध्ययन भएको पाइन्छ ।

नेपाल विविध स्थलाकृति र समृद्ध सांस्कृतिक सम्पदा भएको देश, टोपोनिमीको लागि एक आकर्षक केस स्टडी प्रस्तुत गर्दछ । नेपालका ठाउँहरूको नामले यसको जटिल इतिहास, बहुजातीय समाज र विविध भूगोल झल्काउँछ । यी नामहरूको विश्लेषणले देशको सामाजिक–सांस्कृतिक र ऐतिहासिक सन्दर्भहरूमा बहुमूल्य अन्तर्दृष्टि प्रदान गर्दछ । भौगोलिक, धार्मिक, सामाजिक, सांस्कृतिक र ऐतिहासिक क्षेत्रको महत्त्व बोकेका स्थाननामका नेपाली स्थाननामहरूको अध्ययन र यसको प्रयोग यथासम्भव जानकारी दिने उपायको खोजी गरिएको छ । विषयगत हिसाबले यहाँको पहिलो शोधकार्य भएकाले योभन्दा पछाडि यस्ता विषयमा अध्ययन तथा अनुसन्धान गर्न चाहने अध्येताहरूका लागि यो उपयोगी सामग्रीका रूपमा रहने विश्वास गरिएको छ । यस विषयमा जान्न, बुझ्न वा अनुसन्धान गर्न चासो राख्ने सबै सरोकारवालाहरूको लागि ज्ञान भण्डार र सहायक सामग्रीको विषय क्षेत्रका रूपमा रहने विश्वास पनि गरिएको छ ।

**नेपालमा स्थाननामको प्रभाव**

स्थाननामले मनुष्यजगतको विश्व भूगोलमा प्रागैतिहासिक तथा प्रयावरणीय आधारमा पुस्ता हस्तान्तरण प्रक्रिया अविछिन्न सङ्केतको भूमिका खेलेको हुन्छ । विश्वव्यापीकरण एंव आधुनिकीकरणको प्रभाव स्वरूप हाल आएर मानकीकरण भाष्यमा अपभ्रम रूप देखापर्दै आएको छ, यो समयको माग पनि हो । स्थाननामको प्रभाव नेपालमा मात्र नभई विश्वजन्य व्यवहार घोषित हुदै आएको छ । आधुनिकताका नाममा जतासुकै स्थानीय भौगोलिक निसानीको रुपमा स्थापित ती मौलिक, पौराणिक एवं ऐतिहासिक स्थाननामहरू नयाँ नामले विस्तापित गर्दै जाने लहर बढ्दो क्रममा छ । भाषिक, ऐतिहासिक, र सांस्कृतिक सन्दर्भहरूमा अन्तर्दृष्टि प्रदान गर्दै नेपाली स्थाननामको र यसको प्रयोगमा केन्द्रित हुँदै स्थाननामहरूका आधारभूत कुराहरू खोज्ने प्रयास छ । नेपालका स्थाननाम बुझेर हामीले देशको विविध सांस्कृतिक सम्पदा, ऐतिहासिक विकास र भौगोलिक सूक्ष्मताका बारेमा गहिरो अन्तर्दृष्टि ज्ञान प्राप्त गर्ने अवसर पाउँछौं । नेपालमा

स्थाननामको प्रभाव पार्ने तत्वहरू निम्नानुसार छन्

ऐतिहासिक प्रभाव
सामाजिक प्रभाव
सांस्कृतिक प्रभाव
धार्मिक प्रभाव
भौगोलिक प्रभाव
राजनीतिक प्रभाव

**ऐतिहासिक सन्दर्भसूचक स्थाननाम**

कुनै ऐतिहासिक व्यक्ति वा इतिहासको विवरण बुझाउने नाम नै ऐतिहासिक सन्दर्भसूचक स्थाननाम हुन् । इतिहास उल्लेख भएको, इतिहासमा वर्णन गरिएको कुरालाई बुझाउने नामलाई ऐतिहासिक स्थाननाम भनिन्छ (नेपाली बृहत शब्दकोश, २०७५, पृ.१६१) । ऐतिहासिक सन्दर्भसूचक स्थाननामलाई अर्थतात्त्विक र भाषातात्त्विक निम्नानुसारको तालिका देखाएको छ

तालिका नं.१

| स्थान नाम | भाषातात्विक | अर्थतात्विक | ठेगाना |
|---|---|---|---|
| चन्द्रागिरी | चन्द्र+आ+गिरी | चन्द्रामा उदाउने अग्लो डाँडा वा गिरी | चन्द्रागिरी न पा ५ काठमाडौ |
| काँख्रेविहार | काँखर्+ए+विहार | ऐतिहासिक शिलालेख मन्दिर वा विहार स्थानीय किरण वि क का भनाइबाट) | वीरेन्द्रनगर न पा १० सुर्खेत |

**सामाजिक सन्दर्भसूचक स्थाननाम**

पारिवारिक सम्बन्ध, वर्ण, जाति, गोत्र, खानपान, पद तथा उपाधि र व्यक्तिका नामका आधारमा रहेका स्थाननामलाई सामाजिक स्थाननाम भनिन्छ (शाही,२०१९,पृ.२४१) । सामाजिक सन्दर्भसूचक स्थाननामहरू प्रायः स्थानीय स्तरबाटै नामकरण गरिएका हुन्छन् । सामाजिक कार्य, कुनै जाति विशेषको बसाइ र सामाजिक परिवेशका आधारमा नामकरण गरिएका नामले सामाजिक स्थाननामलाई जनाउँदछन् ।

तालिका नं. २

| स्थान नाम | भाषातात्विक | अर्थतात्विक | ठेगाना |
|---|---|---|---|
| आचार्यबाडा | आचार्य+बाडा | परापूर्व कालदेखि आचार्यहरू बस्दै आएको गाउँ | चन्दननाथ न पा १ जुम्ला |
| कार्कीगाउँ | कार्की+गाउँ | परापूर्व कालदेखि कार्कीहरूको बस्ती बस्दै आएको गाउँ (स्थानीय समाजसेवी काँसिराम कार्कीको भनाइबाट) | छेडागाड न पा १० कार्कीगाउँ, जाजरकोट |

**सांस्कृतिक सन्दर्भसूचक स्थाननाम**

नेपालको सांस्कृतिक सम्पदा जोगाउन स्थाननामले महत्वपूर्ण भूमिका खेल्छ । स्थानको नामहरू दस्तावेजीकरण र अध्ययन गरेर, अन्वेषकहरूले भाषिक र ऐतिहासिक ज्ञान जोगाउन सक्छन् जुन अन्यथा हराउन सक्छ ।

यो विशेष गरी आदिवासी र अल्पसंख्यक समुदायहरूको लागि महत्वपूर्ण छ जसको संस्कृतिहरू प्रायः कम प्रतिनिधित्व हुन्छन् । ठाउँको नामको संरक्षणले विभिन्न समुदायको सांस्कृतिक पहिचान र इतिहास कायम राख्न मद्दत गर्छ

तालिका नं.३

| स्थान नाम | भाषातात्विक | अर्थतात्विक | ठेगाना |
|---|---|---|---|
| पाँच पुनी मेला | पाँच+पुनी+मेला | विजया दशैंको पाँचौं पूर्णिका दिन मेला लगाउने (स्थानीय शिक्षक चन्द्र ब खडकाको भनाइबाट) | बारेकोट–१ रामीडाँडा, ठाउँ जाजरकोट |
| भुमे मेला | भुम्+ए+मेला | प्रत्येक वर्ष आषाढ (१–५) गतेसम्म मगरहरूले बाजागाजा सहित आफ्नो भेषभूषामा सजिएर नाचिने नाच भुमे (शिक्षक गोकर्ण पुनको भनाइबाट) | वीरेन्द्रनगर न पा ५ सुर्खेत |

**धार्मिक सन्दर्भसूचक स्थाननाम**

धार्मिक अवस्थालाई बुझाउने नामलाई नै धार्मिक सन्दर्भसूचक स्थाननाम भनिन्छ । यस्ता नामहरुले धार्मिक कर्मकाण्डका महत्वका विषयलाई उजाकर गर्ने काम गर्दछन् । धर्म कर्म तथा पूजाआजाको आरधान चल्ने स्थानका आधार ती नामलाई धार्मिक सन्दर्भसूचक स्थाननाम दिएको छ

तालिका नं.४

| स्थान नाम | भाषातात्विक | अर्थतात्विक | ठेगाना |
|---|---|---|---|
| मनकामना | मन+आ+गिरी | चन्द्रामा उदाउने अग्लो डाँडा वा गिरी | चन्द्रागिरी न पा ५ काठमाडौं |
| स्वर्गद्वारी | स्वर्ग+द्वारी | पौराणिक किंवदन्तीको अर्थमा पाँच भाइ पाण्डव त्यही द्वार भएर स्वर्गमा गएको मार्ग | स्वर्गद्वारी गा पा २ प्यूठान |

**भौगोलिक तात्पर्यसूचक स्थाननाम**

भूगोलसँग सम्बन्धित, प्राकृतिक बनोट वा रूप र उत्पादन आदि विषयलाई प्रस्तुत गर्ने भूगोललाई भू–भौतिकसूचक स्थाननाम भनिन्छ (नेपाली बृहत शब्दकोश २०७५, पृ.९७०) । उदाहरणका लागि सगरमाथाको लागि प्रयोग गरिएको नाम “सगरमाथा“ नेपालीमा “आकाशको निधार“ हो, जसले पर्वतको अग्लो उपस्थिति झल्काउँछ ।

तालिका नं. ५

| स्थान नाम | भाषातात्विक | अर्थतात्विक | ठेगाना |
|---|---|---|---|
| कमलदह | कमल+दह | एक दह जुन दहभित्रै कमलका बोटहरूले ढाकेको छ । | सिस्ने गा पा २ रुकुमकोट |
| माछापुच्छे | माछा+पुच्छे | पोखराको उत्तरतर्फ माछाको पुच्छर जस्तो देखिने हिमाल माछापुच्छे« | पोखरा कास्की |

**राजनैतिक प्रभाव**

विश्व भूगोलको मानचित्रमा देशीय रेखाङ्कन कोरिएका छन्, जसले एक देश र अर्को देश बिचको विभाजनको साँधसिमा निर्धारण गर्नुलाई नै राजनीतिक विभाजन भनिएको छ । आज मुलुक यही राजनैतिक विभाजन कारण १९२ देशमा विभक्त छ । प्रत्यक देशको आ–आपनै देशीय नाम छ , जसको नामकरणमा स्थाननामले अहम भूमिका खेलेको छ । नेपालमा राज्य पुर्नसंरचनापछि सात प्रदेश र सतत्तहर जिल्लामा जसरी विभाजन भएको छ, त्यस प्रकारको विभाजन प्रक्रियालाई राजनीतिक प्रभाव मानिन्छ ।

तालिका नं. ६

| स्थान नाम | भाषातात्त्विक | अर्थतात्त्विक | ठेगाना |
|---|---|---|---|
| चाइनाबगर | चाइन्+आ+बगर | सबै मान्छे गाढ्ने बगर नै च्यानबगर | सानो भेरी गा पा १ चाइनाबगर, रुकुम |
| नव नेपाल क्याम्पस | नव+नेपाल+ क्याम्पस | लोकतन्त्र बाहाली भएसँगै उच्च शिक्षालाई नव नेपालभित्रको एक नमूना क्याम्पस रुपमा स्थातित गर्न खोजेको (क्याम्पस प्रमुख गोविन्द ब के.सी) | त्रिवेणी गा पा ५ जुघार, रोल्पा |

**नेपाली स्थाननामहरूको प्रयोग**

नेपाली स्थाननामहरूको अध्ययन र यसको प्रयोग नामक शीर्षकमा सम्बन्धित रहेर नेपाली स्थाननामहरूको प्रयोग विषयमा नेपालका केही प्रसिद्घ ठाउँहरूको सूचकको विचार, धारणा र पुस्तकालय विधिलाई लिएको छ । स्थाननामको नामकरण जब विश्व भूगोलको मानचित्रमा जसरी देशहरू नामकरण गरियो त्यरी नेपाली स्थाननामहरूको नामकरण र तिनीहरूको प्रयोग गर्ने प्रचलन नेपालको उत्पत्तिकालदेखि नै चलिआएको हो । नेपाली स्थाननामहरूको प्रयोगका सन्दर्भमा विशेषता, परिवेश, पर्यावरण, समाज, संस्कृति, सभ्यता, इतिहास, भूगोल, पुराकथा, मानवमूल्य, रहनसहन आदि जस्ता हरेक पक्षलाई समेटेर तिनीहरूको शाब्दिक एवम् किंवदन्तीगत अर्थको यथेष्ट जानकारी गराएको देखिन्छ । विविध विशेषता र प्रकृति भएका स्थाननामहरूको अध्ययनले मानव समाजमा विभिन्न पक्षहरूको जानकारी दिने हुनाले पनि यसको महत्व रहेको छ । यस स्थाननामको अध्ययनले अध्येताहरूका मनमा एकता, बन्धुत्व र राष्ट्रिय एकीकरणको भावना पैदा गराउने विश्वास लिइएको छ ।

नेपाली स्थाननामहरूको प्रयोग स्थानीय निकायका नामहरू सङ्कलन गरी ती नामलाई धार्मिक, भौगोलिक, सामाजिक, समसामात्मक, अनुकरणात्मक र रूपात्मक आधारमा वर्गीकरण र विश्लेषण गरेको पाइन्छ । माथि उल्लिखित अध्ययनमा स्थाननामको वर्गीकरण र शाब्दिक अर्थको अध्ययन भए पनि स्थाननामको अर्थतात्त्विक र भाषातात्त्विक संरचनाको विश्लेषणात्मक अध्ययन भएको पाइदैन । प्रस्तुत शोध सो अध्ययनमा देखिएको अन्तराललाई पूरा गर्न अग्रसर रहेको छ ।

**काठमाडौं उपत्यका**

काठमाडौं उपत्यका एक युनेस्को विश्व सम्पदा स्थल, ऐतिहासिक र सांस्कृतिक महत्वसँग टोपोनाम्सको एक समृद्ध भण्डार प्रदान गर्दछ । “पाटन“ (ललितपुर), “भादगाउँ“ (भक्तपुर) “काष्ठमण्डप“ (काठमाडौं) जस्ता नामहरूको गहिरो ऐतिहासिक जरा छ । “काठमाण्डप“ संस्कृत शब्द “काष्ठमण्डप“ बाट आएको हो, जसको अर्थ “काठको मंडप“ हो, जुन सहरको पुरातन वास्तुकलालाई झल्काउँछ । “भक्तपुर“ को अर्थ “भक्तहरूको शहर“ हो । काठमाडौ उपत्यकाको

उपनामले यस क्षेत्रको समृद्ध नेवार संस्कृति झल्काउँछ । ललितपुर

काठमाडौं उपत्यका भन्दै गर्दा काठमाडौं मात्र नभई ललितपुरलाई पनि उपत्यका भनिदै आएको छ । यस उपत्यको अर्को ऐतिहासिक स्थानको नामाकरण दिने शिलशिलामा पृथ्वीनारायण शाहको एकीकरण समयमा पाटन भनेर चिनिन्थ्यो । ललितपुर पुरातन मन्दिर र दरबारहरूका लागि परिचित छ र ललितपुर नामले यसको कलात्मक र सांस्कृतिक सम्पदालाई जनाउँछ । स्थानको नाम दिने क्रममा पाटन दरबार मार्ग क्षेत्र भनेर पनि स्थानिक नाम हाल प्रयुक्तिमा आएको छ ।

**भक्तपुर**

भक्तपुरको अर्थ "भक्तहरूको शहर" हो, यसको धार्मिक सम्पदाको सूचक हो । । भक्तपुरलाई पृथ्वीनारायण शाहको एकीकरण वेला यता भादगाउँ रूपमा चिनिदै आएको थियो । अर्थ "भक्तहरूको सहर" हो र यो ठाउँको ऐतिहासिक र धार्मिक महत्व झल्काउने, राम्ररी संरक्षित मन्दिर, चोक र वर्गका लागि परिचित छ यसको धार्मिक सम्पदाको सूचक हो ।

**पोखरा**

स्थानको नाम "पोखरा" नेपाली शब्द "पोखरी" बाट आएको हो, जसको अर्थ पोखरी हो, जसले यस क्षेत्रमा असंख्य तालहरूको उपस्थितिलाई जनाउँछ । पोखरा पूर्वी नेपालको झापा राजवंशी भाषाबाट आएको हो, जसले यस क्षेत्रको जातीय संरचना झल्काउँछ । नेपालको सबैभन्दा पानी पर्ने ठाउँका रुपमा पोखरालाई लिदै गर्दा पनि पोखरामा धेरै ससाना पोखरीहरुको ठाउँ रहेछन् भन्ने अनुमान गर्न सकिन्छ । तिनै पोखरी भन्ने शब्दको रुप बदलिएर पोखरा बनेको हो मान्न सकिन्छ ।

**मुस्ताङ**

उत्तरी नेपालको जिल्ला मुस्ताङमा तिब्बती संस्कृतिबाट प्रभावित ठाउँका नामहरू छन् । "मुस्ताङ" नाम नै तिब्बती शब्द "मुन तान" बाट आएको हो, जसको अर्थ "उर्जा मैदान" हो । यस क्षेत्रका ठाउँका नामहरूले प्रायः तिब्बती भाषा र बौद्ध संस्कृति झल्काउँछ, जस्तै "लो मान्थाङ " पुरानो पर्खालको सहर मुस्ताङमा "लो मान्थाङ", "गोम्पा" (मठ) र "छुकसाङ" जस्ता उपनामहरूले तिब्बती बौद्ध संस्कृतिको गहिरो जरा झल्काउँछ । नामहरूले प्रायः भौतिक र आध्यात्मिक परिदृश्यको वर्णन गर्दछ, यस क्षेत्रको स्थाननमा प्राकृतिक र धार्मिक तत्वहरूको एकीकरणलाई सङ्केत गर्दछ ।

**चितवन**

तराई क्षेत्रमा पर्ने चितवनमा प्राकृतिक वातावरण र थारु संस्कृति झल्कने नामहरू छन् । "चितवन" को अर्थ "जंगलको मुटु" हो, जुन कुनै समय क्षेत्र ढाकेको घना जङ्गलको सूचक हो । थारु समुदायले धेरै स्थानीय स्थाननामहरूमा योगदान पुर्याएको छ, जसमा "सौरहा" नामहरू प्रसिद्ध पर्यटकीय गन्तव्य बनेका छन् । यस समुदायको बाहुल्यताले जैविक विविधता एवं विश्वव्यापी रूपमा स्थानिक नामकरण गर्ने क्रममा जस्तै 'होमस्ट्य' भन्ने भाषा तथा स्थानका नामहरू आईरहेका छन् ।

**धौलागिरी**

"धौलागिरी" (सेतो पहाड) र "काली गण्डकी" (देवी कालीको नाममा राखिएको) जस्ता उपनामहरूले यी स्थानहरूको भौगोलिक र सांस्कृतिक महत्वको अन्तरदृष्टि प्रदान गर्दछ । यी नामहरूले ऐतिहासिक वातावरणीय अवस्थाहरूलाई पनि संकेत गर्न सक्छ । हिमालको प्रतीकका रुपमा उभिएको त्यस हिमाल रहेको स्थानको नाम दिदा "धौलागिरी" नामकरण रहन गएको शाब्दिक एवम् किंवदन्तीगत अर्थ रहेको देखिन्छ । हाम्रा प्राकृतिक सम्पदाहरूलाई जुन स्थाननामका आधारमा नामकरण गरिदै आएका छन् सोही स्थाननामका आधारमा हाल पनि वैधता पाईरहेका छन् ।

## निष्कर्ष

नेपाली प्रचलित स्थाननामहरूका शाब्दिक अर्थ सङ्कलन, अधावधिक रूप, तिनमा देखिएका परिवर्तनको कारण र प्रभाव आदिमा प्रयुक्तिगत सान्दर्भिकताको खोजी गर्ने रहेको छ । स्थाननामहरूमा प्रभाव पार्ने तत्वहरू सामाजिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक र भौगोलिक आभारमा गरी स्थाननामको अर्थतात्विक र भाषातात्विक संरचनाको विश्लेषणात्मक अध्ययन गरिएको छ । असंरचित तथा खुला प्रश्नावली, प्रत्यक्ष अन्तर्वार्ता, र छलफलबाट प्राप्त तथ्यलाई शाब्दिक एवम् किंवदन्तीगत रूपमा त्यसको अर्थ विश्लेषण गरिएको छ जसमा फर्थको सान्दर्भिक तथा प्रकार्यात्मक सिद्धान्त (न्यौपाने र घिमिरे २०७०,पृ.१०७) को प्रयोग गरिएको छ । यसमा स्थाननामको स्रोत पनि खुलाइएको छ । शोधको तेस्रो प्राज्ञिक जिज्ञासा नेपाली स्थाननामहरूका शब्दको सङ्कलन यसको प्रयुक्तिगत सान्दर्भिकताको खोजी गर्ने रहेको छ । यस अध्यायमा सङ्कलित स्थाननामलाई सस्यूरको संरचनात्मक भाषाविज्ञानको सिद्धान्त (न्यौपाने र घिमिरे २०७०,पृ.३७) लाई अपनाइएको छ । जसका आधारमा स्थाननामको व्याख्या तथा विश्लेषण गरिएको छ । स्थाननामलाई प्रायोगिक र व्यवस्थित बनाउन विभिन्न उपायहरू अपनाइएको छ ।

नेपाली स्थाननामहरूका शब्दको सङ्कलन यसको प्रयुक्तिगत सान्दर्भिकताको खोजी गर्ने रहेको छ प्रयुक्त विभिन्न थरीका भाषा आदिको जानकारीसँगै यस क्षेत्रमा बसोबास गरिआएका विभिन्न जाति, तिनको संस्कृति, सभ्यता, मानसिकता, रहनसहन, खानपिन, दैनिक जीवनमा प्रयोग गरिने सरसामान, यहाँको भौगोलिक, ऐतिहासिक, सामाजिक, प्राकृतिक, भू–भौतिक परिवेशजस्ता विविध कुराहरूलाई प्रकाशनमा ल्याई तिनीहरूको अवस्थालाई झल्काइएको छ । नेपाली स्थाननामहरूको भू–आकृति, सामाजिक, सांस्कृतिक, ऐतिहासिक, भाषिक आदिको विवरणात्मक अध्ययन प्रस्तुत गर्दा यहाँकै स्थाननामहरूको सम्बन्धमा सामान्य जानकारी दिने प्रयास गरिएको छ । समग्रमा भन्नुपर्दा यस प्रस्तुत लेखमा उल्लेख गरिएका प्रमुख प्रसिद्घ नेपाली स्थाननामहरूको अध्ययन र यसको प्रयुक्तिगत विविध अवस्थामा रहेका स्थाननामहरूको विषयमा रूचि राख्ने अध्येताहरूका निम्ति जानकारीमूलक सन्देशका रूपमा रहने छन् ।

## सन्दर्भ सामग्री सूची

दाहाल, पेशल र खतिवडा सोमप्रसाद, (२०६५), अनुसन्धान पद्धति, एमे.के.पब्लिशर्स एण्ड डिष्ट्रिव्यूटर्स,

श्रेष्ठ, कृष्णप्रकाश, (वि.सं २०६७) स्थाननामकोश, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान प्र.सं ।

बन्धु, चुडामणि, (२०७०), अनुसन्धान तथा प्रतिवेदन लेखन, रत्न पुस्तक भण्डार, ।

बन्धु, चुडामणि, (२०७७), भाषा विज्ञान, (दसौं संस्क.) साझा प्रकाशन ।

"नेपालको सांस्कृतिक परिदृश्यको नक्साः स्थानको नाम र अर्थहरू ।" (२०१६) । नेपाल सामाजिक विज्ञान

प्रतिष्ठान

सिलभा, सेभरेना, (सन् १९७३). टोपोनिमी अफ् कत्रड, बोम्बे, पपुलर प्रकाशन, प्र.सं. ।

राई, तारामणि र चामलिङ, भागिराज (२०७४), किराँत स्थाननामः प्राग ऐतिहासिक एवम् भाषिक अध्ययन, नेपाल सरकार, आदिवासी उत्थान राष्ट्रिय प्रतिष्ठान ।

बरुवाल, वीरबहादुर, (२०७४), सुर्खेत चौकुने गाउँपालिकाका स्थाननाम शब्दकोश, एम.एड. शोधपत्र नेपाली भाषा शिक्षा विभाग सुर्खेत क्याम्पस शिक्षा ।

पुन, दानीलाल, (वि.सं.२०७३),जाजरकोट जिल्ला खगेनकोट दराका स्थाननामको नमुना शब्दकोश, एम.एड. शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा ।

थापा, रागिनी (सन् २०११),दार्जिलिङ पहाडी क्षेत्रका स्थाननामहरुको विश्लेषणात्मक अध्ययन,

विद्यावारिधि शोधप्रबन्ध, नेपाली विभाग, उत्तरबङग विश्वविद्यालय दार्जिलिङ पश्चिम बङ्गाल ।

नेपाली बृहत शब्दकोश, (२०७५), नेपाल प्रज्ञा प्रतिष्ठान ।

शाही, हर्कबहादुर ( २०११), कर्णाली प्रदेशका स्थाननाम *Educatiiion Quarterly* Volum 3 No 1 181-208 p

शाही, हर्कबहादुर (२०१९), सुदूरपश्चिम प्रदेशका स्थानीय निकायको नामकरण, *Tribhuvan University Journal*, VOL. 33, NO. 2, December, 2019 233 Vol. 33, No. 2: 233-244,

Regmi, D. R. (2023). Languages Nepal in the 2021 Census: An Oenverview, Center Department of Languages, Tribhuvan University.

Regmi, D. R. (2023). Languages of Nepal: Sociolinguistpology, Census of the Languages sustainble Language use, Center Department of Languages,Tribhuvan University.